# साहित्य

मेरो पुत्र तबतक मेरो हुन्छ, जबसम्म उसले विवाह गर्दैन, तर मेरी पुत्री आजीवनको लागि नै मेरी हुन्छे।
– थमसफुलर

कविको मन विशेष गरी सौन्दर्यमा आकृष्ट हुन्छ।
– रामचन्द्र सुकल

व्यक्तिवृत

## भोजपुरी र नेपाली भाषाका सर्जक गोपाल अश्क

मोहन दुवाल

भोजपुरी भाषामा साहित्यका बिम्ब कोर्दै आएका सिद्धहस्त लेखक गोपाल अश्कले हिन्दी र नेपालीमा पनि तीखो कलममार्फत आफ्नो साहित्यिक व्यक्तित्व देखाउन सफल छन्। गोपालप्रसाद सर्राफबाट गोपाल अश्कको नाम बोकेर साहित्यिक क्षेत्रमा देखापर्दै आएका यिनले भोजपुरी भाषामा धंधोर (५५) पहिलो महाकाव्य लेखेर यस भाषाका पहिलो महाकाव्यकार बने। गजल लेखन पनि सिपालु यिनले प्रेमजस्तो अत्यन्त मार्मिक र संवेदनशील विषयलाई लिएर गजलमा प्रेमान्तर महाकाव्य प्रकाशित गराएर आफ्नो खुबी र क्षमता देखाए। मधेसको माटोबाट सशक्त ढंगको साहित्यिक मर्म लिएर देखापर्दै आएका गोपाल अश्क एकजना सफल साहित्यकार हुन्।

वि.सं. २०१८ असोज ३ गते पर्सा जिल्लाको भेडीहारीमा पिता स्व. सुरुज साह सोनार र माता स्व. पतियादेवीका आठौं सन्तान भई जन्मेका गोपालले जीवन-क्रममा धेरै खालका अनुभव बटुल्दै औपचारिक शिक्षामा हिन्दी विषयमा स्नातकोत्तरसम्मको अध्ययन गर्न भ्याएका छन्। साहित्य यिनको प्रियवस्तु भएकै कारणले विद्यालय पढ्दादेखि नै यिनले साहित्यमा मन दिँदै आएका हुन्। नेपाली राष्ट्रभाषा र हिन्दी र भोजपुरी राष्ट्रियभाषा गरी तीनवटा भाषामा नै आफ्नो छवि र गरिमामय उपस्थिति साहित्यिक सिर्जनामा देखाउन सफल यिनी साहित्यमार्फत समाजलाई नयाँ बाटो दिन सफल छन्। उपन्यास, कथा, नाटक, कविता, गजल यी विविध विधामा आफूलाई रङ्याउन सफल यिनी साहित्य बहुसंख्यक जनताका हितका लागि लेखिनुपर्छ भन्ने मान्यता राख्छन्। २०२२ सालमा पत्थरको हृदय कथा आरती साप्ताहिकमा छपाएर आफूलाई साहित्यकारका रूपमा चिनाउन आइपुगेका यिनी खोजी, अनुसन्धानमा आफ्नो खुबी देखाउन सफल साहित्यकार हुन्।

भोजपुरी भाषामा लेखिएको फुलवा उपन्यासमार्फत गंकी-वसुन्धरा पुरस्कार प्राप्त गरेर भोजपुरीभाषाकै गौरव राष्ट्रमा फिँजाइन यिनी सफल रहे। आधुनिक शब्द शैलीमा भोजपुरी भाषामा महाकाव्य, उपन्यास, गीत, गजल, नाटक र कथा लेखेर भोजपुरी भाषालाई धनी र समृद्ध बनाउन लागिपरिरहेका गोपाल अश्क सबैले आ-आफ्नो राष्ट्रियभाषाको उत्थानमा लाग्नुपर्छ भन्ने मान्यता र दृष्टि राख्छन्। वीरगन्जजस्तो अत्यन्त व्यावसायिक नगरमा रहेर त्यसमा पनि बैंकिङ सेवामा पनि सक्दो सेवा गरिसकेका यिनी साहित्यमा आफ्नोपन देखाइरहन सक्नु यिनको विशिष्ट गुण हो। गोपाल अश्क वीरगन्जकै एउटा साहित्यिक नाम हुन्। गोपाल अश्क भोजपुरी भाषाका एकजना सशक्त साहित्यकार हुन्। त्यसैले जोड दिएर भन्न सकिन्छ गोपाल अश्क मधेसकै एउटा साहित्यिक बिम्ब हुन्।

छन्दमा/बेछन्दमा, गीतमा/गजलमा, कथामा/उपन्यासमा, नाटकमा/वार्ता संवादमा यी अनेकौं विधामा साहित्य लेख्दै आफ्नो साहित्यकार व्यक्तित्व राष्ट्रमा चिनाउँदै आएका यिनका प्रकाशित भोजपुरी कृतिहरूमा १. कजरी (खण्डकाव्य, २०४७), २. कवि के जन्मकुण्डली (गीतिकाव्य, २०५१), ३. नइहर के चुनरी (कथासङ्ग्रह, २०५३), ४. अभी बाँकी वा (गजलसङ्ग्रह, २०५४), ५. धंधोर (महाकाव्य, २०५५), ६. एक बित्ता के दूरी (नाटक, २०५७), ७. उ भोर ना भइल (गीतसङ्ग्रह, २०५९), ८. शङ्खनाद (२०६८) छन्। यस्तै गरी नेपालीमा गजल, सोधग्रन्थ, गजल महाकाव्य, कथासङ्ग्रह गरी ३ थान पुस्तक र हिन्दीमा कविता, गीत/गजल गरी चारवटा पुस्त प्रकाशित गराएका छन्। अनुवाद कलामा पनि आफ्नोपन बनाइसकेका यिनले रामभरोस कापडी, सनत रेग्मी, वसन्त चौधरी, नूर, क्रामरणका लेख/रचना हिन्दी, भोजपुरी र नेपालीमा अनुवाद गरेर आफूलाई अनुवादकका रूपमा पनि चिनाएका छन्। लेखन गर्नु आफ्नो इच्छाको कर्म हो, त्यसैले त उनी निरन्तर लेख्न मन पराइरहेछन्। साहित्यमा सधैं केही लेखिरहन, केही खोजीरहन रुचाइरहने यिनले शोधकार्यमा पनि आफूलाई क्रियाशील तुल्याएका छन्। नेपाली, भोजपुरी, हिन्दी साहित्यको इतिहासको खोजी र अनुसन्धानमा पनि मन दिँदै आएका यिनले भोजपुरी भाषाका सामाजिक, सांस्कृतिक, साहित्यिक पक्षका थुप्रै कुरा खोज गरेका छन्।

डा. ध्रुवचन्द्र गौतमका आख्यानबाट विशेष प्रभावित यिनले अलिखित उपन्यासलाई भोजपुरी भाषामा अनुवाद गरेका छन्। उपत्यकाबाहिर रहेर सेवा पुऱ्याउने, राष्ट्रियभाषामा महत्त्वपूर्ण सिर्जनात्मक योगदान पुऱ्याउने ओझेलमा रहने हाम्रो देशको वातावरण थाहा पाएर पनि यिनी यसै क्षेत्र र कर्ममा सेवा पुऱ्याउन तल्लीन छन्। 'निरन्तर सेवा र सिर्जनालाई सम्प्रेषण गरिरहन सक्नुपर्छ, एकदिन गति र मति अवश्य खुल्छ' यिनले यी दृष्टिबिम्ब मनमा खोपेका छन्। त्यसैले यिनले भोजपुरी भाषालाई समृद्ध बनाउन दिलोज्यानले लागे। नेपाली, भोजपुरी भाषा र साहित्यको इतिहासको खोजी गर्दै यिनले यस भाषाको लोकगीत, लोककथा, लोकनाटक, लघुकथा यी आदि विधाका प्रक्रिया, पाठ, व्याकरण सबैको खोजी र अनुसन्धान गरे।

साहित्यका सबै विधामा कलम चलाउँदै आएका यिनले भोजपुरी साहित्यिक पत्र-पत्रिकाको सम्पादनमा पनि आफ्नो दक्षता र कौशलता देखाएका छन्। गमक, अञ्जन, भोजपुरी सम्मेलन, सयपत्री, अङ्कुश यी पत्रिकाको सम्पादन गरेर आफ्नो सम्पादन कला देखाइसकेका सम्पादक अश्कले कक्षा ९ र १० का भोजपुरी पाठ्यपुस्तक पनि लेखेका छन्। बहुमुखी प्रतिभाका धनी व्यक्तित्व गोपाल अश्कले नारायणी अञ्चलको एउटा सर्जक बिम्ब बनेर राष्ट्रमा चिनाउँदै मात्र आएका छैनन् नारायणीलाई चिनाउन यिनले नारायणी वाङ्मय प्रतिष्ठानको सचिव बनेर, नेपाली आख्यान समाज बारा पर्सा शाखाका अध्यक्ष बनेर, राष्ट्रिय भाषा उपसमिति तराईका सदस्य भएर अनि जनमतको पर्सा साहित्य विशेष र भोजपुरी साहित्य विशेषमा अतिथि सम्पादक रहेर सम्पादन सेवामा सक्रिय छन्। जनमतको एउटा अङ्कमा यिनी विशेष भई समेटिएका पनि छन्।

> वीरगन्जको कोलाहलमय वातावरणमा सिर्जनाका फूल फुलाउन तल्लीन रहेका यिनका समर्पण साहित्यिक जगत्‌का लागि उल्लेखयोग्य विशेषता हुन्। ६० वर्ष नपुग्दै साहित्यिक क्षेत्रमा एउटा बिम्ब खोप्न सफल यिनी साहित्यका एकजना सुन्दर शिल्पी हुन्।

गोपाल अश्क वीरगन्जमा बसोबास गर्छन्। त्यहीं सेवा र कर्म फुकाउँछन्। तर उनी ललितपुरमा बसोबास गर्दै सिर्जनामा तल्लीन हुँदै आएका साहित्यकारभन्दा कमजोर देखिँदैनन्। वितृष्णा रोपेर, विचारमा दरिद्रता खोपेर आफूलाई महान् हुँ भन्नेहरूको विजय निरर्थक हुन्छ इतिहासमा। क्षणिक उच्चारण, तडकभडक र जबरजस्ती प्रदर्शनले कुनै पनि व्यक्तिको नाम भविष्यसम्म कायम रहिरहँदैन। तर मनैदेखि गर्छु भनेर लाग्नेले निरन्तर आफूलाई थाहै नपाई समर्पित तुल्याइरहेका हुन्छन्। ती व्यक्तिकै हूलमा लामबद्ध हुँदै आएका एकजना कर्मशील साहित्यकार हुन् -गोपाल अश्क। विभिन्न राष्ट्रिय भाषाका लेखक जनमतमार्फत चिनाउने क्रममा चिन्न पाएका गोपाल अश्कलाई चिन्दै र अध्ययन गर्दै जाँदा मलाई लाग्यो यिनी जनमतका विशेष लेखक भन्न सुनाउने कर्मठ लेखक हुन्। धेरै गरे, धेरै लेखे तर थोरै मात्र उच्चारण भएको गोपाल अश्कको मुहार खोप्न मन लागेर यो पोट्रेटमा गोपाल अश्क खोपिरहेछु।

साहित्य मेरो दुःख र पीडाकालको अभिन्न मित्र हो। त्यसैले त यिनको जीवन-मित्र साहित्य बन्यो। स्वान्त सुखाय र बहुजन हितायलाई विषयवस्तु बनाई लेखेको साहित्य मनपराउने यिनी साहित्य समाजको दर्पण हो भन्छन्। 'साहित्यकारको गुरुत्तर भार हुन्छ समाजको उन्नति र प्रगति गर्न, समाजप्रति जिम्मेवारी नलिने साहित्यकार समाजका लागि भार मात्र हुन्छ' -यिनको ठम्याइ र बुझाइ छ। सामाजिक चेत् राखेर लेख्नेले मात्र समाजलाई बाटो देखाउन सक्छन् यिनको आफ्नो दृष्टि छ। हिन्दी साहित्य विशेष अध्ययन गर्न पाएका यिनी प्रेमचन्द, बच्चन, नीरज, सन्त कवीर विशेष मन पर्छ भन्छन्। नेपालीमा देवकोटा यिनका प्रिय कवि हुन्।

साहित्यलाई अभिन्न कर्म बनाइसकेका यिनका गजलका केही हरफ तल प्रस्तुत गरिएका छन् :

*जातपात उचनीच को धनी र गरिब को*
*कुरा गरी सारा गाउँ सत्य ढाँट्न थाल्यो।*
*आयो वसन्त फूल फुल्यो तर मेरो मन फुलेन*
*फुल्यो सारा वनउपवन तर मेरो मन फुलेन।*
*कठिन बेला आएको छ अश्रुवादल छाएको छ*
*देखिँदैनन् बाटाहरू जिन्दगानी धाएको छु।*
*नखोल झ्याल नखोल ढोका जथाभावी मनको*
*बाहिर निकै गर्मी भित्र लागिरहेको जाडो छ।*

यस खालका काव्य अनुभूतिहरूमा जीवन/जगत् खोज्दै साहित्यिक सिर्जना र कर्ममा लागेका गोपाल अश्क साहित्यिक जगत्‌का एकजना निरन्तर प्रयत्नरत साहित्यिक योद्धा हुन्। वीरगन्जको कोलाहलमय वातावरणमा सिर्जनाका फूल फुलाउन तल्लीन रहेका यिनका समर्पण साहित्यिक जगत्‌का लागि उल्लेखयोग्य विशेषता हुन्। ६० वर्ष नपुग्दै साहित्यिक क्षेत्रमा एउटा बिम्ब खोप्न सफल यिनी साहित्यका एकजना सुन्दर शिल्पी हुन्। यात्रामा लाग्दालाग्दै थाक्ने थुप्रै छन्, तर मलाई लाग्छ यिनी अब यात्रामा थाक्ने छैनन्। किनभने यिनले यात्रा गर्न जानेका छैनन्। साहित्यिक क्षेत्रमा यिनको प्रवेश वजनदार छ। मनमा उत्कण्ठा पालेर सिर्जनामा रम्न जानेकाहरू थाकेको इतिहास छैन। त्यसैले भन्न सकिन्छ, गोपाल अश्क साहित्यिक यात्रामा थाक्ने छैनन्। यिनले साहित्यिक यात्रा र सिर्जनाको क्रममा साझा पुरस्कार, वनिता सम्मान, मानचित्र सम्मान, धनर्सी साहित्य सम्मान, विश्व नारी नेपाली साहित्यिक सम्मान, धुस्वाँ सायमि वसुन्धरा पुरस्कार प्राप्त गरेको देखिन्छ। २०२२ सालदेखि अद्यावधिसम्म निरन्तर साहित्यिक यात्रा, सिर्जनामा सक्रिय रहँदै आएका यिनी अगम यात्रामा रमिरहन सकून् -शुभकामना छ गोपाल अश्कलाई।

पुस्तक चर्चा

## 'ऋतु फेरिँदै जान्छ' को सन्दर्भमा कथाकार सरित्

दीपक भुजेल

नेपाली साहित्यमा इन्द्रकुमार श्रेष्ठ 'सरित' परिचितमात्रै हैन स्थापित र चर्चित पनि छन्। साहित्यका विविध विधा गीत, गजल, कविता, कथा, उपन्यास, संस्मरणलगायतमा कलम चलाउने साहित्यकार सरितको हालसालै रत्न पुस्तक भण्डारबाट कथा संग्रह 'ऋतु फेरिँदै जान्छ' प्रकाशनमा आएको छ।

यसअघि नै ५ वटा कथा संग्रह प्रकाशन गरिसकेका सरितको यस संग्रहमा २५ वटा कथा संग्रहित रहेका छन्। केही कथालाई छाडेर उनका अधिकांश कथा ६०/६१ पछि लेखिएका कथा नै छन्।

यसअघिका सरितका कथा संग्रहमा धेरैजसो उनका माया प्रेमका सामाजिक यथार्थवादी कथा भेटिन्छन् भने तिनमा समाजको जीवन्त चित्रण पनि भेटिन्छ। तर 'ऋतु फेरिँदै जान्छ' कथा संग्रहमा पहिलेको तुलनामा सरितका बिल्कुलै फरक कथा रहेको पाइन्छ। यिनमा संग्रहित धेरैजसो कथाको पृष्ठभूमि जनआन्दोलन र जनयुद्ध रहेको छ। त्यसैले पनि यी कथाले सरितको लेखनीमा आएको वैचारिक परिवर्तनलाई राम्रैसँग प्रतिनिधित्व गरेको छ। सामाजिक परिवर्तन र सांस्कृतिक रूपान्तरणका लागि साहित्यिक लेखनमार्फत उद्घोष गर्ने उनको कलमले समाजवादी यथार्थवादको धरातलमा रहेर आफ्ना सिर्जना प्रस्तुत गरेका छन्।




संग्रहकै शीर्षक रहेको कथा 'ऋतु फेरिँदै जान्छ' समाजमा व्याप्त जातिपाति र छुवाछूतका घटनालाई प्रष्ट पार्न शोषक र शोषितका बारेमा लेखिएको एउटा ज्यूँदो कथा हो। छुवाछूतको उत्पीडन र परिवर्तनको शंखनाद रहेको यसखालका कथा नेपाली साहित्यमा निकै कम लेखिएका छन्। विषयवस्तु, प्रस्तुति, भाषा,शैली र प्रभावका दृष्टिले यो कथा संग्रहकै मास्टर पिस कथा होभन्दा पनि हुन्छ।

विचारका दृष्टिले संग्रहमा रहेका उनका कथाले प्रगतिवादी विचारको पृष्ठपोषण गर्दछन्। 'हाँगाबाट खसेका पहेंला पातहरू' शीर्षकको कथा आयतनको दृष्टिले अलि लामो भए तापनि विषयवस्तु र प्रस्तुतिका दृष्टिले यस्ता कथा नेपाली साहित्यमा अत्यन्त न्यून लेखिएका छन्। पत्रकार नै मुख्य पात्र भएको यस कथाले राजधानी काठमाडौंको मात्रै हैन नेपालकै पछिल्लो तस्वीर प्रस्तुत गर्छ। त्यसैगरी घामभन्दा उज्यालो, धरातल, अँध्यारोमा उज्यालो खोज्दै, बन्द ढोका खोलेर, बुन्दै गरेको डोकोमा नबुनिएका सपनाजस्ता कथाले जनयुद्धको कारण, त्यो बेलाको त्रासदी र त्यसले दिएका पीडा अनि चोटलाई अत्यन्त मर्मशील ढंगले प्रकट गरेको छ। 'बुन्दै गरेको डोकोमा नबुनिएका सपनाहरू' शीर्षकको कथाले जनयुद्धको सपना र गन्तव्य मात्रै हैन त्यसपछि जनयुद्धको घाइतेले भोग्नुपरेको पीडा र त्रासदीलाई पाठकको मुटु भक्कानिने गरी प्रस्तुत गरेको छ।

प्रगतिवादी विचारलाई कथाकारइन्द्रकुमार श्रेष्ठ सरितका कथाले 'ऋतु फेरिँदै जान्छ' कथा संग्रहका कथामार्फत सामाजिक परिवर्तन र सांस्कृतिक रूपान्तरणको स्वरलाई दह्रो गरी उठाएको छ, शंखनाद गरेको छ। विरोध र विद्रोहको चरण पार गरेर नै न्याय र समानता प्राप्त हुन्छ भन्ने कुरामा कथा अघि बढेको देखिन्छ।

कथा लेखनीमा मनोहारि भाषा र आकर्षकशैलीका लागि परिचित इन्द्रकुमार श्रेष्ठ सरितको 'ऋतु फेरिँदै जान्छ' मा संग्रहित कथाले पनि उक्त विश्वासलाई कायम राख्न सफल देखिन्छ। 'ऋतु फेरिँदै जान्छ' भित्रका सबै कथा कथानक स्वादले भरिएका छन् र पठनीय छन्।

*पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल*

## साताको राशिफल

ज्यो. चन्द्रेश शर्मा

असार २ गतेदेखि ८ गतेसम्म

**मेष**
तपाईंका लागि यो साता अनुकूल छ। भोलि आइतबार शुभ नभए पनि बाँकी सबै दिन शुभ फल दिनेवाला छन्। थालनी गरिएका कार्य प्रायः सफल हुनेछन्। नयाँ जोशजाँगर, सोच, इच्छा जागृत हुनेछ। रोजगार, वैदेशिक यात्रा, बढुवाजस्ता कुराहरूले प्राथमिकता पाउनेछन्। आम्दानीको सम्भावना छ। इष्टमित्रबाट सहयोग पाइएला। मान-सम्मान, पुरस्कार प्राप्तिको सम्भावना छ।

**वृष**
तपाईंका लागि साताको शुरू र अन्त्यका दिन उत्तम फलदायक देखिन्छन् भने मध्यदिनहरू उपलब्धिमूलक छैनन्। सोम, मंगल र बुधबार स्वास्थ्य समस्या, विवाद, हानि-नोक्सानी, चोटपटकको सम्भावना देखिन्छ। अधिक खर्च र कष्ट बेहोर्नुपर्ला। तर बाँकी दिनमा भने धन, खाद्यपदार्थ, कोसेली-उपहार आदि प्राप्त होला। गरिरहेको पेसा व्यवसायबाट आशातीत लाभ होला। पढाइमा प्रगति होला।

**मिथुन**
तपाईंका लागि साताका शुरूका दिनहरू धेरै उत्तम फलदायक छन्। धन लाभ, स्वस्थता, रोमान्टिक जमघट, रमाइलो वातावरण होला। उत्तम भोजन प्राप्ति, पुरस्कारको सम्भावना, सानो बोलीले ठूलो काम बन्ने देखिन्छ। आर्थिक उन्नति एवम् मान-सम्मान बढ्ला। व्यापारीलाई विशेष लाभ हुने सम्भावना छ। साताको अन्त्यमा भने व्यर्थमा खर्च, दौडधुप, दिनचर्या अस्तव्यस्त होला।

**कर्कट**
साता धेरै शुभ फलदायक देखिन्छ। आज शनिबार पेटको समस्या, दौडधुप भए पनि बाँकी सबै दिन उपलब्धिमूलक छन्। कतैबाट धन-पैसा प्राप्तिको योग छ। यसले गर्दा आर्थिक समस्या समाधान हुनेछ। कुनै प्रतियोगिताहरूमा भाग लिएको भए जित्ने सम्भावना अधिक छ। प्रेमप्रसंगले पूर्णता पाउनेछ। जीवनसाथीको सहयोगले ठूलै काम बन्ला। आफन्तबाट सहयोग पाइनेछ।

**सिंह**
तपाईंका लागि यो साता शुभ फलदायक छ। शुभ मांगलिक कामको थालनी हुनेछ। प्रायजसो सबै कार्यहरू सफल हुनेछन्। रोजगार, वैदेशिक यात्रा, बढुवा, आम्दानीको सम्भावना छ। परिवार, साथीभाइ, इष्टमित्रबाट सहयोग पाइएला। गरिरहेको पेसाबाट राम्रै आम्दानी हुने देखिन्छ। सबैको वाहवाही भइनेछ। मान-सम्मान बढ्नेछ। तर भोलि आइतबार भने त्यति राम्रो समय छैन।

**कन्या**
तपाईंका लागि साताको शुरू र अन्त्यका दिनहरू उत्तम फलदायक देखिन्छन्। साथीभाइहरूबाट सहयोग, धन, खाद्यपदार्थ, उपहार, मिष्ठान्न भोजन प्राप्ति होला। व्यापार व्यवसायमा सफलता हासिल हुनुका साथै हर्षोल्लास बढ्ला। पढाइ, लेखाइमा प्रगति होला। तर साताको बीचभाग सोम, मंगल र बुधबार भने रोगव्याधिको भय, विवाद, चोटपटकको सम्भावना देखिन्छ। अधिक खर्च, तनाव, कष्ट बेहोर्नुपर्ला।

**तुला**
तपाईंका लागि यो साताका धेरैजसो दिन फलदायक नै देखिन्छन्। कार्य सफल, स्वस्थता, भाग्योदय, उपहारादि वस्तु प्राप्ति हुने सम्भावना छ। प्रतियोगितात्मक कार्यमा विजयको संकेत देखिन्छ। धनलाभ, यश वृद्धि, वाहन लाभको सम्भावना छ। समस्याको समाधान एवम् अधुरा कार्य पूरा होला। तर बिहीबार र शुक्रबार भने काममा व्यवधान, स्वास्थ्य समस्या, आर्थिक नोक्सानी नहोला भन्न सकिन्न।

**वृश्चिक**
साता उत्तम फलदायक छ। आँटेका र थालनी गरिएका अधुरा कार्यहरू पूरा हुनेछन्। व्यापारिक क्षेत्रमा लागेका व्यक्तिलाई सोचेभन्दा बढी फाइदा होला। कुनै अचल सम्पत्ति वा भविष्यमा फाइदा दिने शेयर अथवा कुनै व्यवसायमा लगानी होला। पराक्रम, प्रतिष्ठा, इज्जत बढ्नाले मानसिकरूपमा स्वस्थ एवम् तनावरहित भइनेछ। साताको शुरू आज शनिबार भने रोगव्याधि, विवाद नहोला भन्न सकिन्न।

**धनु**
तपाईंका लागि यो साता शुभ फलदायक छ। रोजगार, वैदेशिक यात्रा, बढुवा, सम्पत्ति वृद्धिको सम्भावना छ। शुभ मांगलिक काम होला। व्यापार व्यवसाय वा आफ्नो पेसाबाट राम्रै आम्दानी हुने देखिन्छ। आँटेका कार्यहरू सफल हुनेछन्। परिवार, साथीभाइ, इष्टमित्रबाट सहयोग पाइएला। शुभ समयले गर्दा मान-सम्मान बढ्ला। तर आइतबार भने समय त्यति राम्रो छैन।

**मकर**
यो साता तपाईंका लागि मिश्रित फलदायक छ। साताको शुरूमा केही शुभ संकेत देखा परे पनि सोमबारबाट काममा बाधा-व्यवधान आउने, पढाइ-लेखाइमा रुचि कम हुने, आकस्मिक खर्च हुने देखिन्छ। यो अवधिमा शारीरिक एवम् बौद्धिक कसरत गर्नुपर्ला। बिहीबारबाट भने शुभ फलदायक छ। काममा रुचि जाग्नाले सफलता प्राप्त हुनेछ। सुख-सन्तोष हुनेछ। रोमान्टिक यात्राको सम्भावना देखिन्छ।

**कुम्भ**
तपाईंका लागि यो साता उपलब्धिमूलक नै देखिन्छ। विविध वस्तु वा सेवा प्राप्ति होला। कार्य सफल हुनाले मन आनन्दित होला। राजनीतिकर्मीबाट फाइदा लिन सकिने देखिन्छ। स्वस्थता एवम् आनन्दको अनुभूति होला। धेरथोर आर्थिक लाभ पनि हुनसक्छ। इज्जत प्रतिष्ठा बढ्नेछ। तर बिहीबार र शुक्रबार भने केही चिन्ता होला। कार्य बाधा, स्वास्थ्यमा गडबड हुनसक्छ।

**मीन**
तपाईंका लागि यो हप्ता सुख-समृद्धिदायक छ। राज्यद्वारा दिइने सेवा-सुविधा प्राप्त हुने, राजनीतिक सक्रियता बढ्ने, व्यापार-व्यवसायमा लागेकाहरूलाई यथेष्ट फाइदा हुने, शारीरिक एवम् मानसिकरूपमा स्वस्थ भइनेछ। त्यस्तै बोलीबचनमा सरस्वती बस्नाले बोलेको लाग्ने, आर्थिक लाभ हुनाले व्ययभार थेग्न सहज हुने, सुख-सन्तोष हुनेछ। तर आज शनिबार भने केही अस्वस्थता र तनाव होला।